बैठक संख्याः १०६

मिति २०८२ फाल्गुन २८ गतेका दिन नगर प्रमुख श्री किशोर कुमार लिम्बु ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसि देहायका निर्णयहरु गरिए ।

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किशोर कुमार लिम्बु | नगर प्रमुख | |
| २ | श्री गंगा देवी जोशी | नगर उप-प्रमुख | |
| ३ | श्री बिक्रम चन्द | वडा अध्यक्ष | |
| ४ | श्री पदम सिंह रावल | वडा अध्यक्ष | |
| ५ | श्री हरि सिंह धनाडी | वडा अध्यक्ष | |
| ६ | श्री भक्त बहादुर सुनार | वडा अध्यक्ष | |
| ७ | श्री केशव बहादुर खत्री | वडा अध्यक्ष | |
| ८ | श्री ओम बहादुर बस्नेत | वडा अध्यक्ष | |
| ९ | श्री ज्ञानेन्द्र बहा दुर बहेकक्षेत्री | वडा अध्यक्ष | |
| १० | श्री ओम प्रकाश रोकाया | वडा अध्यक्ष | |
| ११ | श्री गोपीलाल कडेल | वडा अध्यक्ष | |
| १२ | श्री चन्द्र बहादुर सिंह | वडा अध्यक्ष | |
| १३ | श्री टिकाराम सार्की | कार्यपालिका सदस्य | |
| १४ | श्री मिना धामी | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी राना क्षेत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री पार्वती सुनार | कार्यपालिका सदस्य | |
| १७ | श्री सेते सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री गिता मिजार कुमाल | कार्यपालिका सदस्य | |
| १९ | श्री मानमती कुमारी भट्ट | कार्यपालिकाउ सदस्य | |
| २० | श्री बिन्दु मोर | कार्यपालिका सदस्य | |
| २१ | श्री भानदेव भट्ट | नि.प्रमुख प्रशासकीय अधिकृत | |

<u>निर्णय नं:११</u> यस नगरपालिकामा निड्स नेपाल र LWF को आर्थिक सहयोगमा सञ्चालित Tran boundary Community Resilience(TBR) in South Asia project and strengthening freed Haliya/Dalit CSO and their collaboration with duty barrier for promoting Social, Economic and Climate Justice for freed Haliya Dalit (SAKSHAM) in Dodhara Chandani municipality, Kanchanpur district परियोजना अन्तर्गत दोधारा चाँदनीका ४ वटा उच्च जोखिममा रहेको समुदाय छनौट फेबुरअरी २०२६ बाट कार्य गर्नुपर्ने सो परियोजना सञ्चालनका लागि दोधारा चाँदनी न.पा. वडा न. ८ को सुन्दरनगर बस्ति, वडा न. १० को बैतिफाँटा, वडा न. ९ को ढकनाघाट र वडा न ३ को पटराखल्लाका बस्तिमा कार्यक्रम सञ्चालनका लागि अनुमतिदिने निर्णय गरियो।

<u>निर्णय नं:१२</u> नगर स्तरिय चौथो मेयर कप क्रिकेट प्रतियोगिता संचालन गर्नका लागि मिलान कोष शिर्षकबाट रु.२५००००/- खर्च गर्ने निर्णय गरियो।

<u>निर्णय नं:१३</u> यस नगरपालिका वडा नं.०६ स्थित मधुवन नजिकको तालमा गोही भेटिएकाले सो तालको संरक्षणका लागि तालको बस्ती तर्फको भागमा तार जाली लगाउन 'प्राविधिक स्टिमेट तयार गराउने निर्णय गरियो।

<u>निर्णय नं:१४</u> यस नगरपालिकाको लागि शव बाहन खरिदका लागि रु.२२ लाख विनियोजन भएकोमा सो रकम अपुग भएको हुदा मिलान कोष शिर्षकबाट रु.७ लाख थप खर्च गर्नेगरी सो खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

<u>निर्णय नं:१५</u> आर्थिक वर्ष २०८२/०८३ मा सुदूरपश्चिम प्रदेश सरकारबाट यस दोधारा चाँदनी नगरपालिकाको लागि छनौट भएका देहाय बमोजिमका योजनाहरु यसै नगरपालिकाबाट संचालन गर्न सकिने भएकोले उक्त योजना संचालन गर्न वित्तीय हस्तान्तरण गरी दिन सम्बन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो।

<u>तपसिल:</u>

| क्र.स. | योजनाको नामहरु | बजेट लाखमा |
|---|---|---|
| १ | महाकाली मा.वि.२ कोठे भवन निर्माण दो.चा.न.पा.वडा नं.०१ | २५ |
| २ | लक्ष्मी माध्यमिक विद्यालय दोधरा चाँदनी ७ कञ्चनपुर | २० |
| ३ | सरस्वती मा.वि.को ४ कोठे भवन निर्माण दो.चा.न.पा.वडा नं.०४ | ५० |
| ४ | दोधारा चाँदनी न.पा.वडा नं.१ पशुपति आ.वि.भवन निर्माण कंचनपुर | १० |
| ४ | दोधारा चाँदनी २ श्री कृष्ण समाज नेपाल भवन निर्माण कंचनपुर | १० |
| ५ | आधारभुत स्वास्थ्य ईकाइ भवन निर्माण दो.चा.न.पा.वडा नं.०२ कंचनपुर | ३५ |
| ६ | लक्ष्मी मा.वि. बाबाथान दोधारा चाँदनी ७ कंचनपुर | ५५ |
| ७ | दोधारा चाँदनी वडा नं.०४ मालिका आ वि.मा मन्दिर भवन निर्माण कंचनपुर | १० |
| ८ | दोधारा चाँदनी वडा नं.३ शंकर पार्वती मा.वि.मा खानेपानी टयाङ्की | १० |
| ९ | सरस्वती सामुदायिक सिकाइ केन्द्रको घेरापर्खाल निर्माण दोधारा चाँदनी न.पा. वडा नं. ४ कञ्चनपुर | १५ |
| १० | दोधारा चाँदनी न.पा.वडा नं.२ को निर्माणाधिन कवर्डहललाई निरन्तरता, कञ्चनपुर | २० |
| ११ | दोधारा चादनीमा मिनी स्टेडियम निर्माण दोधारा चाँदनी २ कञ्चनपुर | २५ |

<u>निर्णय नं:१</u> यस नगरपालिकाको वडा नं.०१ स्थित चार लेन पुलको दक्षिण तर्फ महाकाली नदिले छोडेको अन्दाजि ५० बिगाहा जमिनलाई संरक्षण गर्न गत आ.व. देखि नै यस नगरपालिकाद्वारा बजेट विनियोजन गरी नदी नियन्त्रणको कार्य कार्यान्वयनमा रहेकोमा चालु आ.व.मा समेत रु. १ करोड ४५ लाख विनियोजन गरी योजना कार्यान्वयनमा रहेको तर योजना सम्पन्न गर्न बजेट अपुग देखिएकाले जिल्ला समन्वय समिति कंचनपुरमा रहेको मौज्दात कोषबाट उपर्युक्त योजनाका लागि नियमानुसार बजेट निकासाका लागि अनुरोध गर्ने निर्णय गरियो।

<u>निर्णय नं:२</u> यस नगरपालिका वडा नं.०१ स्थित चारलेन पक्कि पुलको बाटोमा मापदण्ड अनुसार गेट निर्माणका लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

<u>निर्णय नं:३</u> तराई मधेश समृद्वि कार्यक्रमले आ.व.२०८३/०८४ का लागि कार्यक्रम माग गर्न सूचना प्रकाशित भए बमोजिम यस नगरपालिकाबाट उक्त कार्यक्रमका लागि तपसिलका योजनाहरु छनौट गरि पठाउने निर्णय गरियो।

<u>तपसिल:</u>

| क.सं. | योजनाको नाम | वडा नं. | कै. |
|---|---|---|---|
| १ | मुल सडक देखि निसानी टोल सम्म सडक कालोपत्रे | १० | |
| २ | भूमिराज टोल कृषि सडक देखि गगन जोशीको घरहुदै महाकाली आदर्श मा वि दक्षिण तर्फ सडक कालोपत्रे वडा | १ | |
| ३ | विगत आ.व. देखि नै क्रमागत योजनाका रुपमा रहेको महाकाली नदिको चार लेनपुलको दक्षिण तर्फ तटबन्ध निर्माण | १ | |

<u>निर्णय नं:४</u> यस नगरपालिका वडा नं.०३ मा रहेको श्री जमुना आ.वि.को परिसर भित्र रहेको ग्याभिन वाल प्राविधिक प्रतिवेदनको आधारमा आवश्यक नरहेको प्रतिवेदन प्राप्त भएकाले सो संरचना हटाउने निर्णय गरियो।

<u>निर्णय नं:५</u> यस नगरपालिका वडा नं.०३ स्थित श्री जमुना आधारभुत विद्यालयका लागि Water Filter, Water Cooler, Water storage Tank, Water Pump लगायतका सामाग्रि जडानका लागि मिलान कोष शिर्षकबाट आवश्यक रकम उपलब्ध गराउने निर्णय गरियो।

<u>निर्णय नं:६</u> यस नगरपालिका वडा नं.०१ स्थित श्री महाकाली आदर्श मा वि मा शौचालय निर्माणका लागि मिलान कोष शिर्षकबाट रु. ५ (पाँच) लाख खर्च गर्ने निर्णय गरियो।

<u>निर्णय नं:७</u> यस दोधारा चाँदनी वडा नं.०३ स्थित श्री शंकर पार्वती मा वि को भवनको रेलिङ्ग निर्माणका लागि मिलान कोष शिर्षकबाट रु.१ (एक) लाख मात्र खर्च गर्ने निर्णय गरियो।

<u>निर्णय नं:८</u> यस नगरपालिकाका १ नं. कार्यालयलाई सो वडा अन्तरगत रहेको नक्सा बमोजिमको बाटो कायम गर्न नियमानुसार काम गर्न सम्बन्धित वडा कार्यालयलाई जिम्मा दिने निर्णय गरियो।

<u>निर्णय नं:९</u> यस नगरपालिका वडा नं.०५ का वडा सदस्य श्री सिता देवी बिष्ट विगत लामो समय देखि उपचार गराउदै आईरहनु भएकोले निजको उपचारका लागि आर्थिक सहयोग स्वरुप रु.५००००/- पचास हजार मात्र उपलब्ध गराउने निर्णय गरियो।

<u>निर्णय नं:१०</u> यस नगरपालिकामा रहेको श्री भानु बहुमुखी क्याम्पसलाई साधारण सभा र अभिभावक भेला गर्ने प्रयोजनका लागि गैर वित्तिय संस्थानहरुलाई चालु सहायता शिर्षकबाट रु.२५ हजार मात्र आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।